नेपाल सरकार
गृह मन्त्रालय
# नेपाल प्रहरी प्रधान कार्यालय
## केन्द्रीय अनुसन्धान ब्यूरो
(प्रशासन शाखा)

फोन: ०१-४५११७७६
मोबाईल नं.: ९८५१२८३१४०

मिति:- २०८२ कात्तिक २२ गते।
ने.सं. ११४६

पत्र संख्या: २०८२/०८३)
प्रा.प.सं. :

## प्रेस विज्ञप्ती- १३

### ठगी, आपराधिक विश्वासघात सम्बन्धी कसूरमा पक्राउ

उपरोक्त सम्बन्धमा नेपाल ट्रष्टको नाममा दर्ता कायम रहेको काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं.१ दरवारमार्ग स्थित रहेको जग्गा नेपाल ट्रष्टको कार्यालय र थामशेर्कु ट्रेकिङ प्रा.लि.को बीचमा लिजमा दिने / लिने करार संझौता हुँदा सूचनामा उल्लेख भएको कित्ता नं. ४६०६ को जग्गा भन्दा बढी अर्को कित्ता नं. ४६०५ समेत थप गरी लिजमा दिने / लिने सम्बन्धमा संचालक समितिको निर्णय र आधार विना वदनियत पूर्वक नेपाल ट्रष्टको नाममा रहेको जग्गा BOT Model को निमित्त निर्माण अवधि ३ वर्ष समेत ३० वर्षको लागि लिजमा दिने/ लिने संझौता गरी नेपाल ट्रष्टको कार्यालयलाई दिर्घकालिन हानी नोक्सानी हुने गरी मिति २०७४/०२/१४ गते करार संझौता गरी लिजमा लिने लाभ ग्राहीले सहयोग गर्ने अधिकारी सम्बद्द रहेको विभिन्न ओहदा र पदमा रहेका व्यक्तिहरुले गैर कानूनी तवरले लाभ लिई ठगी, आपराधिक विश्वासघात गरेको, उल्लेखित कार्यबाट नेपाल ट्रष्ट मार्फत नेपाल राष्ट्रलाई नै ठूलो हानी नोक्सानी पुर्‍याई विभिन्न पद तथा ओहदामा रहेका व्यक्ति, सरकारी कर्मचारी तथा अन्य व्यक्ति, सहयोगी तथा मतियार समेतले लाभ लिएको भन्ने **ठगी, आपराधिक विश्वासघात सम्बन्धी** कसूरको अनुसन्धानको सिलसिलामा उक्त करार संझौता गर्ने कार्यमा संलग्न रहेका तत्कालिन समयमा नेपाल ट्रष्टको कार्यालय, दरवारमार्ग, काठमाडौंमा सह सचिव पदमा कार्यरत कर्मचारी (हाल अवकाश प्राप्त) जिल्ला चितवन, साविक श्रीपुर २, परिवर्तित भरतपुर महानगरपालिका, वडा नं. १५ बस्ने वर्ष ६६ को लेख बहादुर कार्कीलाई मिति २०८२/०७/२१ गते पक्राउ गरी थप अनुसन्धान कार्य भई रहेको।

शिव कुमार श्रेष्ठ
(प्रहरी वरिष्ठ उपरीक्षक)
प्रवक्ता
सम्पर्क नं.९८५१२९१३११